# कावासोती नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कावासोती, नवलपरासी(ब.सु.पू.)

## कोरोना भाइरस संक्रमण रोकथाम तथा नियन्त्रणका लागि विपत व्यवस्थापन समितिको बैठकबाट भएका प्रस्ताव तथा निर्णयहरु विवरण

**मितिः २०७७/१/३**

१. विश्वव्पापी महामारीको रुपमा फैलिएको कोरोना भाइरसको संक्रमण नियन्त्रण गर्नका लागि नेपाल सरकार बाट देशब्यापी रुपमा लकडाउन जारी गरिएको समयमा दैनिक रुपमा ज्यालामजदुरी गरि जिवनयापन गर्ने अति विपन्न परिवारका व्यक्तीहरुलाई नगरपालिकाले तय गरेको मापदण्ड अनुसार राहत वितरणका लागि आवश्यक राहत खरिदमा पारदर्शिता, सुशासन र एकरुपता कायम गर्नका लागि यहि मिति २०७६/१२/२८ गतेको विपत व्यवस्थापन समितिको बैठकको निर्णयानुसार सार्वजनिक सुचना प्रकाशित गर्दा मिति २०७६/१२/३० गते पेश भएका ३ वटा दरभाँउ पत्र मध्य श्री गोपी कृष्ण शुभ स्टोरको सबैभन्दा कम दररेट प्रति प्याकेज रु १०९१.५०।- प्राप्त भएकोमा पुनः सो स्टोरका प्रो. हरि खनाल स्वयम कार्यालयमा उपस्थिति भै विपत व्यवस्थापन समिति समक्ष वार्ता द्धारा छलफल गर्दा प्रति राहत प्याकेज( सावित्रि चामल १५ के.जी, मसुरोको दाल २ के.जी., नुन १ पोका, सनफ्लावर तेल १/२ लि., हात धुने साबुन १ वटा) रु १०८७।–(कर सहित) उपलब्ध गराउन मन्जुर भएकोले श्री गोपीकृष्ण शुभ स्टोर बाट राहत प्याकेजका सामाग्रीहरु खरिद प्रकृया अगाडी बढाउने निर्णय गरियो।

२. यस कावासोती नगरपालिकाबाट पहिलो चरणमा वितरण भएको राहतको क्रममा छुट हुन गएका भनि सम्बन्धित वडा कार्यालय बाट राहत पाउने लाभग्राहीको नाम छनोट गरि नगरपालिकामा पठाएकोमा नगरपालिकाको विपत व्यवस्थापन समितिको निर्णयानुसार तपशिल अनुसारको वडामा न.पा.ले तय गरेको राहत प्याकेज अनुसार श्री गोपी कृष्ण शुभ स्टोर बाट राहत प्याकेज वितरणका लागि लैजाने गरि न.पा.बाट सम्बन्धित वडालाई कुपन उपलब्ध गराउने निर्णय गरियो।

| वडा नं. | राहत वितरण छुटेका | अघिल्लो बैठकबाट निर्णय भएको तर निकासा गर्न बाकी प्याकेज | कैफियत |
|---|---|---|---|
| १ | २७१ | | |
| २ | - | ४५ | |
| ३ | २७१ | | |
| ४ | ६१ | | |
| ५ | १० | | |
| ७ | १५० | | |
| ८ | १४९ | | ५० प्याकेज यस अगाडी नै गैसकेको र अव ९९ प्याकेज मात्र पठाउने। |
| ९ | ३४ | | |
| १२ | २० | | |
| १३ | ७८ | | |
| १६ | १० | ७० | |
| १७ | - | ८२ | |
| **जम्मा** | **१०५४** | **१९७** | |

मिति २०७६/१२/२५ देखि २०७७/१/०३ गते सम्म का.न.पा विपत व्यवस्थापन समिति कोषमा प्राप्त जिन्सी/प्याकेज सहयोग विवरण र वडामा वितरण गरिएको विवरण

| वडा नं. | सहयोग प्राप्त जिन्सी प्याकेज वितरण विवरण- वडाहरु | कैफियत |
|---|---|---|
| ३ | ३५ | कावासोती यूवा समूह बाट २५ प्याकेज, आर एन सी बाट १० प्याकेज |
| ४ | ७५ | नवदुर्गा सामुदायिक वन उपभोक्ता समिति बाट ७५ प्याकेज |
| ५ | १० | कावासोती यूवा समूह बाट १० प्याकेज, |
| ७ | १३ | पानस संस्थाबाट १३ प्याकेज(२०० के.जी चामल प्राप्त ) |

| | | |
|---|---|---|
| ८ | २४ | कावासोती यूवा समूह बाट २४ प्याकेज |
| १३ | २५ | कावासोती यूवा समूह बाट २५ प्याकेज |
| **जम्मा** | **१८२** | |

**जम्मा राहत वितरण विवरण(मिति २०७७/०१/०३ गते खरिद र सहयोग एकमुष्ट राहत)**

| **क्र.स.** | **विवरण** | **जम्मा राहत वितरण** |
|---|---|---|
| १ | खरिद गरि वितरण गर्ने प्याकेज | १०५४ |
| २ | सहयोग बाट प्राप्त जिन्सी प्याकेज राहत वितरण | १८२ |
| जम्मा राहत वितरण | | १२३६ प्याकेज |

३. यस कावासोती नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट कोरोना भाइरस (COVID-19) संङ्क्रमण, नियन्त्रण तथा उपचारका लागि सहयोग पुर्याउन स्थापना गरेको विपद व्यवस्थापन कोषमा आजको मितिमा प्राप्त रकम तथा जिन्सी सामानहरुको विवरण निम्नानुसार रहेको भनि निर्णय पारित गरियो।

| **क्र.स.** | **सहयोग पुर्याउनुहने संस्था/व्यक्तीको विवरण** | **रकम** | **जिन्सी** | **प्याकेज** | **कैफियत** |
|---|---|---|---|---|---|
| १ | देव कुमार राना - राना ढुवानी सेवा कावासोती २ नवलपुर | ३४४९६ | | | चेक नं. ०००२२१९८२९९०५ मार्फत प्राप्त |
| **आजको जम्मा** | | **३४,४९६।** | | | |